नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस कोरिया शाखा, ख्वाकों, ललितपुर

मिति:- २०८१/०३/२५

# सन् २०२४ को बिशेष कोरियाली भाषा परीक्षा (Special EPS-TOPIK 2024, CBT) सञ्चालन सम्बन्धी अत्यन्त जरुरी सूचना ।

नेपाल सरकार र गणतन्त्र कोरिया सरकार बीच सम्पन्न समझदारी पत्र (MoU) अनुरुप रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत दक्षिण कोरियाबाट काम गरी वैधानिक तवरले फर्केका कामदारहरुलाई पुन: कामदारको रुपमा पठाउने प्रक्रिया अन्तरगत उम्मेदवारको छनौट गर्ने क्रममा Human Resource Development Service of Korea (HRD) बाट सञ्चालन हुने बिशेष कोरियन भाषा परीक्षा **(Special EPS-TOPIK, CBT)** मा सामेल हुन चाहने HRD Service of Korea बाट प्राप्त नामावलीमा नाम समावेश भएकाहरु मध्ये इच्छुक योग्य नेपाली नागरिकहरुबाट देहाय बमोजिमका विवरण खुलाई अनलाईन आवेदन फाराम भर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. आवेदकको योग्यता:**

**क)** नेपाली नागरिक,

**ख)** ई.पि.एस. अन्तर्गत गणतन्त्र कोरियामा रोजगारी प्राप्त गरेका र सन् २०१० जनवरी १ पश्चात भिसा अवधि (Sojourn Period) भित्रै स्वैच्छिक रुपले नेपाल फर्केका कामदारहरु ।

**ग)** उमेर १८ बर्ष पूरा भई ३९ बर्ष ननाघेको अर्थात सम्वन्धित उम्मेदवार **सन् १९८४ जुलाई २२ देखि सन् २००६ जुलाई २१ (२०४१ श्रावण ०७ देखि २०६३ श्रावण ०५)** बिच जन्मेको हुनु पर्ने छ ।

**घ)** फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको ।

**ङ)** गणतन्त्र कोरियामा गई गैर कानुनी रुपमा बसोबास नगरेको ।

**च)** नेपालबाट अन्य मुलुकमा जान रोक नलगाईएको ।

**छ)** Color blindness नभएका ब्यक्तिहरु ।

**ज)** कोरियामा E-9 र E-10 भिसामा पाँच बर्ष भन्दा बढी अवधि नबसेको ।

**झ)** HRD Korea बाट Special EPS-TOPIK परीक्षामा सहभागी हुनसक्ने भनी प्राप्त भएका नामावलीमा नाम भएकाले मात्र आवेदन फाराम भर्न पाउने भएकोले यस कार्यालयको वेवसाईटमा नामावली हेरी यकिन गरेर मात्र आवेदन फाराम भर्नहुन अनुरोध छ ।

**२. परीक्षा कार्यतालिका**

| फाराम वितरण तथा दर्ता मिति | परीक्षा तालिका घोषणा मिति | परीक्षा मिति | नतिजा प्रकाशन |
|---|---|---|---|
| July 22-26, 2024 (२०८१ साउन ०७ देखि ११ गते सम्म) | September 13, 2024 (२०८१ भदौ २८ ) | From September 24-27, 2024 (२०८१ असोज ०८ देखि ११ गते सम्म ) | October 07, 2024 (२०८१ असोज २१ ) |

❖ **बिशेष परिस्थिति आई परेमा परीक्षा तालिकामा फेरबदल हुन सक्नेछ ।**

## ३. आवेदन दर्ता प्रकृयाः–

**क) आवेदन दर्ता मितिः–** वि.सं.२०८१ साउन ०७ देखि ११ गते सम्म (तदनुसार July 22-26,2024)सम्म ।

**ख) आवेदन दर्ता प्रकृयाः–** परीक्षा आवेदन फाराम https://eoers.epsnepal.gov.np मा गई अनलाईन भर्नु पर्नेछ । फाराम भरे पश्चात प्रवेश पत्र (Admit card) डाउनलोड र प्रिन्ट गरी सुरक्षित साथ राख्नुहुन अनुरोध छ । साथै आवेदन दर्ता गर्ने तरिका https://eoers.epsnepal.gov.np को पहिलो पेजमा नै Demo हेर्न सकिने छ ।

**ग) आवेदन दर्ताका लागि आवश्यक कागजातहरू :**

- आवेदकले आवेदन फाराम भर्दा **राहदानीको** फोटो भएको पेज (बायो पेज) को रंगिन (Colour) स्क्यान गरेको JPG Image file (Width 600 pixels, Up to 100KB) अपलोड गर्नु पर्नेछ ।
- MRP राहदानी बाहेक अन्य कागजातहरुको फोटोकपी मान्य हुने छैन ।
- आवेदकले आवेदन फाराम भर्दा अनिवार्य रुपमा आफ्नै ईमेल ठेगाना र मोबाईल नम्बर उल्लेख गर्नुपर्नेछ।
- आवेदन फाराममा ३ महिना यता खिचेको दुवै कान देखिने एम. आर. पी. साईजको सेतो पृष्ठभुमी भएको, upper chest देखिने, सेतो कपडा नलगाएको रङ्गीन फोटो (Photo Width 100 ~ 300 pixels, File Type: JPEG only Up to 15KB size) को फोटो स्क्यान गरी अपलोड गर्नु पर्नेछ ।
- आवेदनका साथ कोरियामा रहँदा प्रयोग गरेको राहदानीको नम्बर समेत उल्लेख गर्नुपर्नेछ । तर उक्त राहदानीको म्याद समाप्त भई नयाँ राहदानी लिएको अवस्थामा दुवै राहदानीको नम्बर उल्लेख गुर्नपर्नेछ ।
- आवेदकले परीक्षा शुल्क तिरेर आवेदन फाराम दर्ता गराई स्वीकृत भए पछि मात्र Special EPS-TOPIK,CBT परीक्षामा समावेश हुन सक्नेछ ।

## ४.रोजगार क्षेत्र :– उत्पादनमुलक र कृषि तथा पशुपालन

**नोटः**-उत्पादनमुलक क्षेत्रमा फाराम भर्न चाहनेले फाराममा उल्लेख भएका ८ वटा Sub Category मध्ये जुन उपक्षेत्रमा फाराम भर्ने हो सोही उपक्षेत्रसंग सम्बन्धित ८ वटा प्रश्न हल गर्नु पर्नेछ ।

## ५.परीक्षा शुल्कः

परीक्षा शुल्क अमेरिकी डलर अठ्ठाईस (US $ 28) लाग्नेछ । आवेदकले जुन दिनमा फाराम दर्ता गराउने हो सो दिनको अघिल्लो दिनका लागि नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दरका हिसाबबाट हुन आउने नेपाली रुपैयाँ परीक्षा शुल्क बापत तोकिएको अनलाईन भुक्तानी प्रदायक संस्थाहरु मार्फत मात्र बुझाउन सकिनेछ ।

## ६. परीक्षा प्रणाली र अंक भारः

| प्रश्न संरचना | प्रश्न सङ्ख्या | कूल पूर्णाङ्क | समय अवधि |
|---|---|---|---|
| Listening (सुनाइ) | २० | १०० | ५० मिनेट |
| Reading (पढाइ) | २० | १०० | |
| Total (जम्मा) | ४० | २०० | |

- EPS-TOPIK वस्तुगत बहुउत्तर (Multiple choices) को मूल्याङ्कनमा आधारित हुनेछ ।

नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार विभाग ई.पि.एस. शाखा

७.परीक्षाको दिनको पूर्व तयारी:

**क**) प्रत्येक आवेदकले आफ्नो प्रवेश पत्र लिई तोकिएको मिति तथा समय र स्थानमा परीक्षा सुरु हुनु भन्दा २ घण्टा अगाडि परीक्षाको लागि उपस्थित हुनु पर्नेछ।

**ख**) आवेदकले आवेदन फाराम भरे पश्चात प्राप्त प्रवेश पत्र (Admit card) र राहदानी साथै लिई आउनुपर्नेछ अन्यथा परीक्षामा समावेश हुन पाइने छैन।

**ग**) निर्धारित मिति, समय र स्थानमा उपस्थित हुन नसक्ने परीक्षार्थी (आवेदक) लाई अन्य परीक्षामा सहभागी गराइने छैन।

८. अन्य जानकारी:

**क**) परीक्षा भवन तथा कोठा भित्र मोबाइल फोन, क्यासेट प्लेयर, PDA, MP3, Smart Watch जस्ता विद्युतीय उपकरणहरु लैजान पूर्ण रुपमा निषेध गरिएको छ। यस्ता सामग्री फेला परेमा सम्बन्धित परीक्षार्थीको परीक्षा अबैध ठहरिनेछ।

**ख**) भाषा परीक्षामा नक्कल गर्ने परीक्षार्थी ४ वर्षका लागि पुन: EPS-TOPIK परीक्षामा सामेल हुन पाउने छैन। बिगतमा अर्काको नाममा परीक्षा दिन प्रयत्न गर्ने व्यक्तिलाई पक्राउ गरी सार्वजनिक अपराधमा कारवाही भैसकेकोले यस्तो गलत कार्यमा संलग्न नहुन सचेत गराइन्छ।

**ग**) कोरियन भाषा परीक्षाको आवेदन फाराम दर्ता गराउदा आवेदकको व्यक्तिगत विवरण (जस्तै: नाम, जन्म मिति) निजको राहदानीको भन्दा फरक परेमा भाषा परीक्षामा उत्तीर्ण भए पनि रोष्टरमा नाम समावेश नहुने र दक्षिण कोरियामा रोजगारी प्राप्त हुने छैन।

**घ**) यस संग सम्बन्धित थप जानकारी आवश्यक भएमा पछि सुचना मार्फत जानकारी गराईन्छ ।

**ङ**) थप जानकारीको लागि HRD Service of Korea, EPS Center Nepal वा ई.पि.एस.कोरिया शाखा ग्वार्को ललितपुरमा ०१-५१८६३४९ र ०१-५१८६३५० सम्पर्क गर्न सकिने छ।

च) यदी तपाईको नाम प्रकाशित सूचीमा छैन तर योग्य छु जस्तो लाग्छ भने **cbt10application@gmail.com** मा आफ्नो राहदानी, Foreigner Registration card (Alien Card) अगाडि पछाडि र नेपालको ईमिग्रेसनले राहदानीमा लगाईदिएको अराईवल छाप को स्क्यान गरी **single PDF file** बनाई मिति २०८१/०३/२५ देखि २०८१/०३/३० सम्ममा पठाउनु होला ।

छ) Seasonal र कोरोना अवधिको हकमा इमिग्रेसनले बसाई अवधि थपेको document वा sticker पनि पठाउनु होला ।

२०८१/०३/२४

**"कोरियन भाषा परीक्षा उत्तीर्ण गर्नु कोरियामा रोजगार आवेदन दिन योग्य भई रोजगार अनुमति प्रणाली अन्तर्गत रोजगार प्रकृयामा सामेल हुनको लागि रोष्टरमा सुचिकृत हुनु हो तर कोरियामा रोजगार पाइने शतप्रतिशत सुनिश्चितता भने होइन।"**

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार विभाग ई.पि.एस. शाखा

**Held By: MOEL, Korea**
**Implemented By: HRD Service of Korea**
**Co-operated by : MOLESS/DOFE, EPS-Section**